लोक सेवा आयोग

राजपत्रांकित तृतीय श्रेणी, अप्राविधिक तर्फ विभिन्न सेवा/समूहका
शाखा अधिकृत वा सो सरह पदको द्वितीय चरणको एकीकृत प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०८२/४/२१

समय: ३ घण्टा **पत्र: चतुर्थ** **पूर्णाङ्क: १००**

विषय: सेवा समूह सम्बन्धी

(Service Related Subject)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

Section - A — 30 Marks

1. सार्वजनिक व्यवस्थापनको अवधारणा बारे उल्लेख गर्नुहोस् । नेपालमा सार्वजनिक व्यवस्थापनका चुनौतीहरूबारे चर्चा गर्नुहोस् । **4+6=10**

Mention about the concept of public management. Discuss about the challenges of the public management in Nepal.

2. सार्वजनिक व्यवस्थापनमा देखिएका विभिन्न नेतृत्व शैलीहरूको चर्चा गर्दै नेपालको सार्वजनिक व्यवस्थापनमा अभ्यास गरिँदै आएको नेतृत्व शैलीको विश्लेषण गर्नुहोस् । **5+5=10**

Discussing the various leadership styles observed in public management, analyze the leadership styles that have been practiced in Nepal's public management.

3. निजामती कर्मचारीको प्रभावकारी व्यवस्थापनमा उत्प्रेरणाले कसरी योगदान पुऱ्याउँदछ? नेपालमा निजामती कर्मचारीको उत्प्रेरणा अभिवृद्धि गर्ने रणनीतिहरू उल्लेख गर्नुहोस् । **4+6=10**

How does motivation contribute to the effective management of civil employees? Mention the strategies to enhance the motivation of civil employees in Nepal.

Section - B — 20 Marks

4. नेपालमा मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्दा हालसम्म देखिएका प्रमुख चुनौतीहरू के के छन्? साथै, ती चुनौतीहरूको सामना गर्न के गर्नुपर्ला? वर्णन गर्नुहोस् । **5+5=10**

What are the major challenges seen so far while implementing the Value Added Tax in Nepal? Also, what should be done to address those challenges? Discuss.

5. नेपालमा संघीय शासन प्रणालीको अवलम्बन पश्चात् बजेट तर्जुमा तथा कार्यान्वयनमा अनुभव गरिएका समस्याको विश्लेषण गर्नुहोस् । साथै, ती समस्या समाधानका लागि उपयुक्त सुझावहरू सिफारिस गर्नुहोस् । **5+5=10**

Analyze the problems experienced in budget formulation and implementation after the adoption of federal governance system in Nepal. Also, recommend the appropriate suggestions for solving those problems.

Section - C — 30 Marks

6. सार्वजनिक सम्पत्ति भन्नाले के बुझिन्छ? नेपालमा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापन र उपयोगमा देखिएका समस्याहरू पहिचान गर्दै समाधानका उपाय प्रस्तुत गर्नुहोस् । **2+4+4=1**

What is meant by public assets? Identifying the problems seen in the proper management and utilization of public assets in Nepal, present the ways of solutions.

7. नगद र प्रोद्भावीमा आधारित लेखा प्रणालीबीचमा रहेका फरकहरू के के हुन्? उल्लेख गर्नुहोस् । नेपाल सरकारको लेखा प्रणालीलाई प्रोद्भावीमा आधारित लेखा प्रणालीमा रूपान्तरण गर्दा के कस्ता प्रकारका चुनौतीहरू हुन्छन्? प्रष्ट पार्नुहोस् । **4+6=10**

What are the differences between cash and accrual based accounting systems? Mention.
What types of challenges are there in transforming the accounting system of Government of Nepal to an accrual based accounting system? Elucidate.

8. लेखापरीक्षणका आधारभूत सिद्धान्तहरू के के हुन्? नेपालमा सार्वजनिक संस्थानहरुको लेखापरीक्षण गर्दा देखिएका समस्याहरू के के छन् र समाधानका उपायहरू के हुन सक्दछन्? वर्णन गर्नुहोस् । **2+4+4=1**

What are the basic principles of auditing? What are the problems seen while auditing public corporations in Nepal and what could be the ways of solutions? Describe.

Section - D **20 Marks**

9. संसदीय प्रणालीमा प्रतिपक्ष भन्नाले के बुझिन्छ? यस्तो प्रणालीमा कुन कुन विषयमा प्रतिपक्षले भूमिका खेल्दछ? नेपालको संसदीय प्रणालीमा प्रतिपक्षले खेलेको भूमिकाको मूल्याङ्कन गर्नुहोस् । **1+5+4=1**

What is meant by opposition in a parliamentary system? In such a system, in which areas does the opposition play a role? Evaluate the role played by the opposition in the parliamentary system of Nepal.

10. विधेयकको अर्थ र यसको वर्गीकरणबारे उल्लेख गर्दै नेपालको संघीय संसदमा विधेयक पारित गर्ने प्रक्रियाका सम्बन्धमा व्याख्या गर्नुहोस् । **4+6=10**

Mentioning about the meaning and classification of bill, explain the procedures relating to the passage of the bill in the federal parliament of Nepal.

«« समाप्त »»

Re-typed for readability by Loksewa Pathsala from the question paper of the Public Service Commission (Lok Sewa Aayog), Nepal. If there is any difference, the original paper published by the Commission prevails.
Please share the page link loksewapathsala.com, not this file.